# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।१२।०७ गते।

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

भानु नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा कार्यालय सहयोगी पदमा कार्यरत हेलन गुरुङले झुट्टा शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी नियुक्ति भएको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निजले हिमालय बोर्डिङ स्कुल चुँदी, तनहुँबाट कक्षा ८ पास गरेको भन्ने झुट्टा नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी मिति २०७५।०१।२० मा भानु नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा कार्यालय सहयोगी पदमा नियुक्ति भई सरकारी लाभ लिएको पुष्टि हुन आएकोले निजको उक्त कार्य प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर देखिन आएको हुँदा निज हेलन गुरुङलाई प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

प्रवक्ता<br>
प्रदीपकुमार कोइराला